# आर्थिक वर्ष २०८२।०८३
# को
# बजेट वक्तव्य

केदारस्यूँ गाउँपालिका

**केदारस्यूँ गाउँपालिका**
**देउरा, बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश नेपाल**
**२०८२**

**गाउँ सभाको अधिबेशनमा २०८२ साल असाढ १० गते आइतबार**
**बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एंव गाउँपालिका उपाध्यक्ष श्री मनिषा धामीले**
**प्रस्तुत गर्न भएको**

# आर्थिक वर्ष २०८२।०८३ को
# बजेट वक्तव्य

केदारस्यूँ गाउँपालिका

**केदारस्यूँ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**देउरा, बझाङ्ग**
**सुदूरपश्चिम प्रदेश नेपाल**
**२०८२**

सम्मानित सभा अध्यक्षज्यू,
गाउँ सभा सदस्यहरु,
आज म आर्थिक बर्ष २०८२।०८३ को लागि केदारस्यूँ गाउँपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु । यस ऐतिहासिक अवसरमा मुलुकलाई यस अवस्था सम्म पुर्याउन जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु, राजनीतिक दलका अग्रजहरु, घाइते तथा बेपत्ता परिवारहरु, नागरिक समाजका अगुवाहरु एवम परिर्वतनका  सम्पूर्ण सम्वाहकहरु प्रति सम्मान तथा उच्च आदरभाव प्रकट गर्न चाहन्छु ।
यस बजेट मार्फत स्थानीय सरकार सामाजिक क्षेत्रको गुणात्मक सुधार, दिगो विकास, सुशासन प्रवर्द्धन, उद्यमशीलताको विकास, जनमुखी सेवा प्रवाह र सामाजिक दृष्ठिकोणले पिछडीएको वर्ग एवम समुदायको उत्थानमा केन्द्रित हुने प्रतिवद्धता व्यक्त गर्दछु ।
चालु आर्थिक वर्ष २०८१/०८२ को उपलब्धि सहितको प्रगति समिक्षा र अगामी आर्थिक वर्ष २०८२।०८३ को अनुमानित बजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सभाध्यक्ष महोदय,
प्रस्तुत बार्षिक बजेट तथा कार्यक्रम नेपालको वर्तमान संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, सोह्रौँ पञ्चवर्षिय आवधिक योजना, दीगो विकासका लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, केदारस्यूँ गाउँपालिकाको पहिलो आवधिक योजना, मध्यकालिन खर्च संरचना, नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको मार्गदर्शनका आधारमा यो बजेट तथा कार्यक्रमलाई आवश्यकता मुखी र उपलब्धीमूलक बनाउन विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझाव र सिकाईहरुका आधारमा आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि प्रस्तुत बजेट तथा कार्यक्रम तयार गरेको छु। प्रस्तुत बार्षिक बजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयनबाट गाउँपालिकाका अपेक्षित उद्देश्यहरु हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।
सुदूरपश्चिम प्रदेश अन्तर्गतको अति विकट तथा पिछिडिएको हिमाली जिल्ला बझाङको भौगोलिक विकटतामा अवस्थित यस गाउँपालिकाका जनताको आवश्यकतालाई सम्बोधन गर्नु, छिटो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्नु र न्यून स्रोतबाट अधिकतम उपलब्धी हासिल गर्नु यस बजेट तथा कार्यक्रमको मूख्य उद्देश्य रहेको छ । बहुक्षेत्रलाई समेट्ने गरी कार्यान्वयन गर्न योग्य, ठोस परिणाममूलक जनपक्षिय कार्यक्रमहरु सञ्चालन गर्न यो बजेट तथा कार्यक्रम ल्याइएको कुरा यस सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय,
चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समिक्षा
यस सम्मानित सभामा अब म चालु आर्थिक बर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रमको ५ वटा क्षेत्रको नीति तथा कार्यक्रम सम्बन्धि सारमा समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

१. बिद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनमा आधारित बनाई कृषकहरुलाई स्थानीय स्तरमै आय आर्जनका अवसरहरु प्रदान भएका छन् ।
२. आलु पकेट, किसान सुचिकरण, सानासिचाई, तरकारी खेति प्रवर्द्धन, विउ विजन वितरण, आधुनिक कृषि औजार वितरण, लिफ्ट सिचाई, कृषक क्षमता विकास, आधुनिक कृषि कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।
३. पशु सेवा अन्तर्गत बाख्राहरुलाई पि. पि. आर खोप, गाई भैसीहरुलाई FMO, नस्ल सुधार, कृतिम गर्भाधान, घरपालुवा छाडा कुकुर तथा विरालोलाई  रेविज विरुद्धको खोप कार्यक्रम संचालन गरिएका छन् ।
४. उद्योग विकास अन्तर्गत महिलाहरुलाई अल्लो भाङ्गो कपडा, कटाई सिलाई तालिम, चप्पल उत्पादन तालिम, उद्यम शिलता सम्बन्धी तालिम, कोसेली घर निर्माण, आलु चिप्स उत्पादन, विभिन्न मेशिन तथा उपकरणहरु वितरण तथा कार्यक्रम सञ्चालन गरियो ।
५. मानिसको जीवनमा आरोग्यता कामय गर्न भैरव योग ट्रष्टहल निर्माण कार्य भैरहेको छ ।

६. जनताको आवागमनलाई सहजता गर्न विभिन्न वस्ती र पर्यटकीय स्थलमा यातायातको पहुँचका लागि ११ किलोमिटर नयाँ सडक निर्माण तथा पुराना सडक स्तरोन्ती गरिएको छ।

७. यस पालिकाका मुख्य बजार तथा बस्तीहरु जस्तै( देउरा,झोता, बागथला, पथुडा,थापागाउँ,सैन्स्यूँ र खेतकुचा)मा आर सि सि र ग्याविन तटबन्धन निर्माण गरिएको छ।

८. केदार, कैलाश, भैरव र त्रीवेणी (चार धाम) को रुपमा परिकल्पना गरि जिल्लाकै नमूनायोग्य धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकास गर्नको लागि केदार मन्दिरको निर्माण कार्यको थालनी भएको छ।

९. जनमैत्री सुशासन र सेवालाई प्रभावकारी बनाउन १५ शैय्या अस्पताल, पालिकाको प्रशासकीय भवन र शित गृह (Cold Store) भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

१०. उत्पीडनमा परेका एकल महिला, दलित,असाहाय, अपाङ्ग, बालबालिका तथा विपन्न बर्गहरु लाभान्वित हुने गरि विभिन्न सिपमूलक, क्षमता विकास, रैथाने बाली प्रवर्द्धन, बस्ति सुधार, सामाग्री हस्तान्तरण र सचेतना मूलकजस्ता कार्यक्रमहरु सञ्चालन गरिएको छ।

११. जनताको आधारभुत आवश्यकताको रुपमा रहेको सफा र स्वस्छ खानेपानीको पहुचँ सुनिश्चिताका लागि डिप बोरिङ, लिफ्टिङ, मुहान संरक्षण तथा विभिन्न खानेपानी आयोजनाहरुको निर्माण भएको छ।

१२. पालिकाका विभिन्न बस्तीहरुमा खेतियोग्य जमिनका लागि सिचाई कुला र पोखरीहरु निर्माण तथा मर्मत गरिएका छ।

१३. विभिन्न वस्ती तथा टोलहरुमा विधुतिकरणको कार्य भैरहेको छ।

१४. जिल्ला स्तरमै खेलकूद मैदानको अभाव भएको परिदृष्यमा बझाङ जिल्लाकै केन्द्र भागमा पर्ने झोतामा आधारभूत खेलमैदान पूर्वाधार निर्माण कार्य भएको छ।

१५. सामुदायिक विद्यालयहरुमा भवन,फिल्ड,शौचालय, घेरवार र खानेपानी निर्माण तथा शैक्षिक गुणस्तर अभिबृद्धिका क्रियाकलापहरु सञ्चालन गरिएको छ।

१६. ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम समयमै आमा र बच्चाको स्वास्थ्य अवस्था पहिचान गरीएको छ।

१७. विद्यार्थीहरुको प्रारम्भिक स्वास्थ्य परीक्षण गरी आँखामा समस्या भएका विद्यार्थीहरुलाई निःशुल्क चस्मा वितरण गरिएको छ।

१८. डिजीटल एक्सरे मेसिन प्राप्त गरी सेवा सञ्चालनमा रहेको छ।

१९. प्राविधिक शिक्षालयका विद्यार्थीहरु, विपन्न तथा आमाबुवा विहिन विद्यार्थीहरुलाई सिकाईमा प्रोत्साहन गर्न छात्रबृत्ति वितरण कार्यक्रम गरिएका छन्।

२०. आधारभूत तह कक्षा ८ को परिक्षा लाई मर्यादित र व्यवस्थित तवरले सञ्चालन गरिएको छ।

२१. महिला तथा लैङ्गिक हिसा, छुवाछुत, बालविवाह, छाउपडी प्रथा, एकल महिलाहरुलाई गरिने दुर्व्यवहार न्यूनिकरण सम्बन्धी विभिन्न कार्यक्रमहरु गरियो।

२२. अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग मैत्री सामग्रीहरु हस्तान्तरण गरिएको छ।

२३. बालबालिकाहरुको लागि क्षमता विकास, अतिरिक्त कृयाकलाप प्रतियोगिता गरिएको छ।

२४. आपतकालिन बालकोष मार्फत जोखिममा परेका बालबालिकाहरुलाई उद्दार तथा सहयोग गरिएको छ। लागु पदार्थ दुर्व्यसनीमा परेकाहरुलाई सुधार केन्द्रमा उपचार तथा मनो परामर्श गराई पुर्नस्थापना गरिएको छ। दलितको गुणस्तरीय जीवनयापनकालागि परम्परागत सिप विकास तथा संरक्षण कार्यक्रम गरिएको छ।

२५. नमुना विद्यालयको ३ तले शौचालय भवन निर्माण भैरहेको छ।

२६. बाठपाला मन्दिर र मल्ला उजाला गाउँ मन्दिर निर्माण कार्य समेत भएको छ।

२७. ग्रामीण सडक निर्माण निर्देशिका बमोजिम सडक निर्माण र उन्नतिको काम भएको छ। बायो–इन्जिनियरिङ्ग कार्यलाई अगाडी बढाइएको छ। सडक आसपास बग्ने पानीको निकास, पहिरो तथा भिरालो जमिन स्थिरीकरण गर्न बायो–

इन्जिनियरिङ्ग तथा अन्य वातावारणमैत्री, प्रकृतीमैत्री प्रविधिको व्यापक उपयोग तथा प्रवर्द्धन गरिनेछ गाउँपालिका अन्तर्गतका बाढि तथा पहिरोले क्षति भएका सिचाई कुलो तथा खानेपानी मर्मत कार्य भएको छ।

२८. भुकम्पबाट क्षति भएका घरपरिवारहरुलाई DDA को लागि राष्ट्रिय विपद् न्यूनिकरण तथा व्यवस्थापनमा पठाइ DDA कार्य सम्पन्न गरियो।

२९. प्राकृतिक विपत्ति र दुर्घटनाबाट ज्यान गुमाउनेहरुलाई राहात वितरण, दिर्घरोगीहरुको औषधी उपचारका लागि आर्थिक सहयोगको र दैविक प्रकोपबाट घर, खेति क्षति भएका घरपरिवारलाई राहत वितरण कार्य गरिएको छ।

३०. संस्थागत विकासका लागि मानव संसाधन व्यवस्थापन, कर्मचारी संगठन तथा व्यवस्थापन, आवधिक योजना तयार, मध्यकालिन खर्च संरचना निर्माण, राजस्व सुधार योजना, आन्तरिक राजस्व प्रणाली व्यवस्थापन जस्ता कार्यहरु गरिएको छ।

३१. सुशासन तथा सार्वजनिक सेवा प्रवाहका लागि सवै वडाहरुमा इन्टनेट सेवा सुचारु, विधुतिय माध्यमबाट भुक्तानी, पालिकामै बैक शाखा स्थापना, सार्वजनिक सुनुवाई तथा जे.सी. अडिट जस्ता कार्यहरु गरिएको छ।

३२. पालिका तथा वडा कार्यालयहरुको नियमित सञ्चालनका लागि मसलन्द सामाग्री, फर्निचर तथा फिक्चर्स, कम्प्युटर तथा प्रिन्टर्स खरिद कार्य गरिएको छ।

सभाध्यक्ष महोदय,

अब म आथिक बर्ष २०८१।०८२ को बार्षिक प्रगतिको सक्षिप्तमा जानकारी गराउछुँ।

हाल सम्म प्रशासनिक तथा चालु र पुँजिगत प्रकृतिको कार्यक्रमहरु तर्फ संघीय सरकारको राजस्व बाडफाड ९ करोड ४५ लाख र प्रदेश सरकारको १६ लाख २५ हजार रकम विनियोजन भएको थियो। पूँजीगत तर्फ संघीय सरकारको समानकिरणबाट ११ करोड ३४ लाख रुपैँया र प्रदेश सरकारबाट १ करोड ०४ लाख ८४ हजार रकम बजेट विनियोजन भएको थियो। संघीय सरकारबाट शर्सत अनुदान चालु रु २४ करोड ६६ लाख ९९ हजार र पुजिगत रु ९ करोड २५ लाख ३४ हजार रकम बजेट विनियोजन भएको थियो। संघीय सरकारको विषेश अनुदान पुजिगत रकम रु २ करोड ६५ लाख विनियोजन गरिएको थियो। प्रदेश सरकारको विषेश अनुदान ६५ लाख, समपुरक अनुदान रकम रु ९८ लाख ५० हजार, शशर्त अनुदान रकम रु ४० लाख ५० हजार र स्थानीय निकायको राजस्व बाँडफाँड र आन्तरिक अल्याबाट रकम रु २ करोड ०९ लाख ६० हजार ६ सय ७९ रुपैसा २७ पैसा विनियोजन भएको थियो। चालु आ.व. २०८१।०८२ मा यस गाउँपालिकामा विभिन्न क्षेत्रका विभिन्न शिर्षकमा चालु तथा पूँजिगत खर्च गरि कुल ६६ करोड ८० लाख ५३ हजार ६ सय ७९ पैसा २४ रकम खर्च भएको छ। आन्तरिक आम्दानी तर्फ ६६ लाख अनुमान गरिएकोमा हाल सम्म रु ४० लाख राजस्व संकलन भएको छ। चालु र पुजिगत गरि ६७.३४ प्रतिशत रकम ४४ करोड ९९ लाख ०३ हजार ४ सय ५५ पैसा ४५ खर्च भएको छ।

सभाध्यक्ष महोदय,

अब म आर्थिक बर्ष २०८२।०८३ मा सञ्चालन गरिने मुख्य मुख्य कार्यक्रमहरुका बारेमा संक्षिप्तमा जानकारी गराउन चाहन्छु।

१. यस आर्थिक बर्ष २०८२।०८३ को लागि कुल बजेट ५७ करोड १५ लाख ३३ हजार १ सय ३३ विनियोजन गरेको छु।

२. आर्थिक बर्ष २०८२।०८३ को संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान तर्फ ११ करोड ४६ लाख, शशर्त अनुदान ३० करोड ९३ लाख , राजस्व बाडफाड ८ करोड ९७ लाख ८२ हजार १ सय ३३, समपुरक अनुदान तर्फ रु ६८ लाख र विशेष अनुदान तर्फ रु ६८ लाख विनियोजन गरेको छु। प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान तर्फ १ करोड ०८ लाख ६० हजार, राजस्व बाँडफाँड २५ लाख ९१ हजार, समपुरक अनुदान १ करोड २ लाख र विशेष अनुदान तर्फ रु ७५ लाख विनियोजन गरेको छु। पालिकाको अनुमानित आन्तरिक राजस्व रु ६७ लाख अनुमान गरेको छु।

सभाध्यक्ष महोदय,

अब म बजेट प्रणालीमा देखा परेका मुख्य चुनौती प्रस्तुत गर्न चाहान्छु।

(क) स्थानीय अर्थतन्त्रमा दीगो आर्थिक वृद्धिदर हुन नसक्दा पालिकाको आर्थिक अवस्था सुधार हुन नसकेको देखिन्छ। आन्तरिक राजस्व संकलन न्यून हुँदा संघीय र प्रादेशिक अनुदान माथि निर्भरता बढि रहेको छ।

(ख) संघीय र प्रदेश अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रभावकारी परिचालन र प्राप्त अनुदानको उपयोग एवम् खर्चको अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन प्रणालीलाई ब्यवस्थित गर्न नसक्दा आयोजनाको लागत लाभ प्रतिफल असर एवं प्रभाव सुनिश्चित गर्न सकिएको छैन।

(ग) बहुवर्षीय, रणनीतिक महत्व तथा रूपान्तरणकारी योजनाको रुपमा रहेका पालिकाका गौरव र रूपान्तरणकारी आयोजनामा पर्याप्त स्रोत विनियोजन नभएको कारणले लागत समय बढ्दै गई पुँजी निर्माण, रोजगारी सिर्जना, आर्थिक वृद्धि, स्थानीय अर्थतन्त्र चुनौतीपुर्ण बन्दै गएको छ।

(घ) स्रोत परिचालनलाई प्रभावकारी बनाउन अनुत्पादक खर्च नियन्त्रण गर्ने, राज्यको श्रोत साधनमा जनताको पहुँच स्थापित गरी लोकतन्त्रका लाभहरुलाई जनतासम्म पुऱ्याउनु ठुलो चुनौती हामी माझ थपिएको छ।

(ङ) शिक्षा, स्वास्थ्य, पूर्वाधार, सरकारी सेवाहरुको प्रभावकारी व्यवस्थापन हुन नसक्नु, महिला, बालबालिका, जेष्ठ नागरिक र सिमान्तकृत समुदायको विकास गर्दै सुशासन, सामाजिक न्याय र समृद्धि तर्फको यात्रालाई तीव्र बनाउनुपर्ने प्रमुख चुनौती हामी माझ रहेको छ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्ष २०८२।०८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरु देहाय अनुसार छन।

क) कृषिको व्यवसायिकरण, धार्मिक तथा पर्यटन क्षेत्रको विकास र विस्तारमार्फत रोजगारी सिर्जना, स्वरोजगार प्रबर्द्धन, गरिबी न्यूनिकरण गर्नु।

ख) प्राप्त स्रोत साधनको समुचित परिचालन गरि रोग, भोक र बेरोजगारीको अवस्थामा सुधार गर्नु।

ग) जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि जनताका अपेक्षा अनुसार काम गर्नु ।

घ) नागरिकमैत्री सेवा प्रवाह, भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गर्नु।

ङ) जातिय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात तथा सम्मान गर्दै सामाजिक एवं सांस्कृतिक समानता, सहिष्णुता र सदभावका आधारमा एकता मजबुत बनाउन प्रर्यत्नशील रहनु।

च) जनताहरुले नजिकको सरकारको अनुभती हुने गरि अभिभावकत्व र संरक्षकत्व प्रदान गर्नु।

छ) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामार्फत दक्ष तथा स्वस्थ मानव पूँजीनिर्माण गर्नु।

ज) विकासमा सहकार्य र समन्वय कायम गर्नु।

झ) भौगोलिक विकटता, मानवविकास सुचङ्काक, विपन्नता, मानविय जीवन शैलीलाई ध्यानमा राखी स्रोत र साधनको सन्तुलित र समानुपातिक वितरण गर्नु।

ञ) सार्वजनिक-निजी-सहकारी साझेदारी र लगानीमैत्री वातावरणको सिर्जना गर्नु।

ट) दीगो, जलवायु परिवर्तन अनुकुलन र विपद् प्रतिरोधी विकास गर्नु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्ष २०८२।०८३ को संक्षिप्तमा कार्यक्रम र बजेट विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु।

**आर्थिक विकास क्षेत्रमा रु २ करोड ६३ लाख ३२ हजार बजेट विनियोजन गरेको छु।**

१. निर्वाहमुखि कृषिलाई आधुनिक र व्यावसायीक बनाउन स्थानीय फलफूल, तरकारी, दलहनबाली, मसलावाली तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी ती स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम सञ्चालन जस्ता कार्यक्रमको लागि बजेट व्यवस्था गरेको छु।

२. रैथानेबालीको प्रवर्द्धन, संरक्षण तथा प्रचार प्रसार गर्दै समुदायको पोषण अवस्था सुधारको लागि उत्पादन तथा बजारीकरण कार्यलाई टेवा पुर्याउने किसिमका कार्यक्रम सञ्चालन लागि रकम विनियोजन गरेको छु ।
३. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिचाँई, कृषि सडक, विद्युतिकरण, कृषि बजारतथा गोदाम घरहरुको पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिन बजेटको सुनिश्चितता गरेको छु ।
४. व्यावसायिक रुपमा दुध उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गर्न अनुदानको रुपमा बजेटको व्यवस्था गरेको छु ।
५. व्यावसायिक रुपमा पशुपंक्षी उत्पादन गरि बिक्री वितरण गर्ने कृषकका लागि बजेटको व्यवस्था गरेको छु ।
६. सहकारी संस्थालाई कृषि, पर्यटन, उद्योग, ऊर्जाजस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालनका लागि बजेट विनियोजन गरेको छु ।
७. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई समय सापेक्ष प्रवर्द्धन गरी उद्यमशिलता मार्फत नागरिकलाई स्वरोजगार बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
८. केदार, कैलाश, भैरव र त्रीबेणीलाई (चार धाम) को परिकल्पना अनुसार जिल्लाकै नमुना योग्य धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकास गर्न बजेटको व्यवस्था गरेको छु ।
९. विपन्न परिवार, दलित, एकल महिला द्वन्द्ध पिडित पिछडिएका बर्गहरुलाई लक्षित हुने गरि तरकारी उत्पादन तथा पशु पालनका क्षेत्रमा आवश्यक बजेटको व्यवस्था गरेको छु ।
१०. कृषक समूह तथा कृषि सहकारीहरुलाई कृषि सामग्री तथा उपकरण खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन बजेटको व्यवस्था गरेको छु ।
११. अल्लो भाङ्गो जस्ता विभिन्न उद्योग स्थापना गर्न चाहने उद्यमीलाई ५० प्रतिशत अनुदानका लागि बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

सामाजिक विकास क्षेत्रमा रु ४ करोड ६२ लाख ५६ हजार रकम बजेट विनियोजन गरेको छु ।

१. "गाउँपालिकाको इच्छा, गुणस्तरणयुक्त नि:शुल्क शिक्षा" लाई दृष्टिगत गर्दै माध्यमिक तहसम्मको शिक्षामासुधार गर्न विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
२. "सक्षम युवा, सक्षम देश, खेलकुद मार्फत एकताको सन्देश" भन्ने नारालाई आत्मसात गर्दै युवा र खेलकुद क्षेत्रको विकासकालागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु ।
३. माध्यमिक शिक्षा परीक्षा(SEE) मा सम्मिलित भएका विद्यार्थीलाई लक्षित गरी Career Counselling Program सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।
४. उत्कृष्ट विद्यालय, उत्कृष्ट प्र.अ, उत्कृष्ट शिक्षक, उत्कृष्ट अभिभावक र उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्थापन गरेको छु ।
५. खेलकुदको पूर्वाधार विकास र खेलकुदका कार्यक्रमलाई निरन्तरता दिई खेलकुदमैत्री पालिका विकास निरन्तरताका लागि बजेटको सुनिश्चितता गरेको छु ।
६. पालिकाका सबै माध्यमिक विद्यालयहरुमा किशोर किशोरीमैत्री सूचना केन्द्र स्थापना र सुदृढीकरण गरि किशोर किशोरीहरुलाई बृहत यौनिकता शिक्षा सूचना र जीवन उपयोगी सिप प्रदान कार्यलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।
७. क्षयरोग मुक्त पालिका अभियान सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु ।
८. महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरि सेवालाई प्रभावकारी तुल्याउन प्रदान गरिदै आएको प्रोत्साहनमा थप गर्नका लागि बजेट व्यवस्था गरेको छु ।
९. केदारस्यूँ गाउँपालिकाको स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
१०. खानेपानी व्यवस्थाको लागि डिप बोरिङ, लिफ्टिङ तथा नविनतम उपायहरु खोजी गर्ने र अधुरा योजनाहरुलाई पुरा गर्ने कार्यहरुलाई जोड दिन आवश्यक रकम विनियोजन गरेको छु ।
११. दलित तथा विपन्न वर्गसँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिई आवश्यक बजेट व्यवस्था गरेको छु ।

१२. सवै साझेदार संस्थासँगको सहकार्यमा महिला, जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग जस्ता लक्षित वर्गका लागि कार्यक्रमहरु सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

१३. एकल महिलाहरुको जीवनयापनमा सहजता ल्याउन सामुहिक रुपमा सञ्चालित उद्यमशीलता र व्यावसायिक कार्यक्रमहरु एकल महिलासँग उपाध्यक्ष कार्यक्रम मार्फत निरन्तरताका लागि बजेट व्यवस्था गरेको छु ।

१४. लैंगिक हिंसा, बालबिवाह, छाउपडी प्रथा, लागुपदार्थ दुर्व्यसन, जुवातास, सामाजिक सञ्जालको दुरुपयोग, आत्महत्या, जस्ता सामाजिक विकृतिहरु निरुपणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु ।

१५. अपाङ्गता भएका व्यक्तिहरु (क,ख र ग वर्ग) लाई निःशुल्क स्वास्थ्य विमाका लागि बजेट सुनिश्चिनता गरेको छु ।

१६. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१७. "एक घर एक धारा, पूर्ण सरसफाई हाम्रो अभिभारा" भन्ने नाराका साथ खानेपानी तथा सरसफाई जस्ता आधारभुत आवश्यकता पुरा गर्न स्वच्छ खानेपानीको आपूर्तिमा निरन्तरताको लागि बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

पूर्वाधार विकास क्षेत्रमा रु ४ करोड २२ लाख ९१ हजार २ सय रुपैया बजेट विनियोजन गरेको छु ।

१. गुणस्तरीय छिटो र छरितो सेवा प्रवाहका लागि प्रशासकीय भवन, शित गृह र १५ सैया अस्पताल सञ्चालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

२. सडक गुरु योजना तयार गरी सो अनुरुप ग्रामीण सडकको स्तरोन्ती गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३. कृषि क्षेत्रमा उत्पादन वृद्धि गर्नको लागि सिचाई नहर, कुलो तथा पोखरी निर्माण कार्यलाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु ।

४. सेति नदि र कालंगा नदि लगाएतका अन्य खोलाहरुको नजिक पर्ने खेतियोग्य जमिनलाई लिफ्ट सिचाई कार्यक्रम मार्फत निरन्तरता दिइ बजेटको व्यवस्था गरेको छु ।

५. सेवा प्रवाहमा प्रभावकारिता ल्याउन जनप्रतिनिधि तथा कर्मचारीहरुको आवास प्रयोजनको लागि आवास भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. सार्वजनिक स्थलहरुमा सौर्य सडक बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिई बजेटको व्यवस्था गरेको छु ।

७. फोहोरमैला व्यवस्थापनको लागि ल्यान्डफिल्ड साइटको बातावरण र प्रकृतिमैत्री निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखी निर्माणका लागि बजेटको व्यवस्था गरेको छु ।

सभाध्यक्ष महोदय,

वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा रु १ करोड १८ लाख ९४ हजार ४ सय बजेट विनियोजन गरिएको छु ।

१. मनसुनजन्य विपद् पुर्वतयारीका लागि जल तथा मौसम विज्ञान विभागसँगको समन्वयमा स्वचालित जल मापन र खोलामा पानिको सतह मापन गर्ने यन्त्र जडान गर्नका लागि बजेट व्यवस्था गरेको छु ।

२. विपद् पूर्वतयारी तथा प्रतिकार्यमा आधारित भै प्रक्रियागत र वास्तविक घटनालाई आधार बनाई नमूना अभ्यास ,सामुदायिक स्वयंसेवक कार्यदल गठन, कार्यदललाई तालिमको व्यवस्था र विपद् पोर्टललाई पुर्णता दिई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्यलाई चुस्त दुरुस्त राख्न स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रबाट सुचना संकलन अद्यावधिक कार्यलाई प्राथमिकता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।

३. भूउपयोग योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया अगाडी बढाइनेछ । नापी विभाग बाट प्राप्त नक्साहरु लाई स्थानीय तहको आवश्यकताको आधारमा अद्याबधिक गर्नका लागि बजेट विनियोजन गरेको छु ।

४. प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरुको खोज / उद्धार तथा राहातको लागि विपद कोषको लागि बजेट ब्यवस्था गरेको छु ।

५. नदि तथा खोलाको किनारका जोखिममा रहेका बस्ति तथा बजार क्षेत्रहरुलाई सुरक्षित गर्न तटबन्धनको कार्यलाई थप व्यवस्थित गर्न बजेट व्यवस्था गरेको छ ।

६. आगलागी, बाढी, पहिरो, भुकम्प, र भुःक्षय लगाएतका प्राकृतिक प्रकोप तथा दैवीय विपत्ति बाट हुने क्षती न्यूनीकरण गर्नको लागि सञ्चालन हुँदै आएका जनचेतनामुलक कार्यक्रमहरुको लागि बजेट विनियोजन गरेको छ ।

सभाध्यक्ष महोदय,

संस्थागत विकास सेवा प्रवाह र सुशासन क्षेत्रमा ५२ लाख ८६ हजार ४ सय बजेट विनियोजन गरेको छु ।

१. जनप्रतिनिधि तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी, अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२. नवप्रवर्नत कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु ।

३. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन पालिकाका विभिन्न स्थानमा तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा CCTV क्यामेरा जडान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु

४. गाउँपालिकाभित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्न हेलो अध्यक्ष() कार्यक्रमबाट नागरिक गुनासो व्यवस्थापन प्रणालीलाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छ ।

५. गाउँपालिकाको पाश्वचित्र बनाई सबै घरधुरीहरुलाई घरकोड अंक प्रदान गरि तथ्याङ्कलाई व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

सभा अध्यक्ष ज्यू,
गाउँ सभा सदस्यहरु,

"समृद्ध केदारस्यूँ निर्माणको मुल आधारः शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन र बन पैदावार"को लक्ष्य निर्माणको महान अभियानमा योगदान पुर्याउने संघीय सरकार, प्रदेश सरकार, अध्यक्ष ज्यू, वडा अध्यक्षहरु, प्रमूख प्रशासकीय अधिकृत, कार्यपालिकाका सदस्यहरु, गाउँसभा सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, राष्ट्रसेवक सम्पूर्ण कर्मचारीहरु, विभिन्न राजनितिक दलका प्रतिनिधि मित्रहरु, शिक्षक, बुद्धजिवी, पत्रकार, उद्योगी, व्यवसायी तथा समस्त आमा बुवा दाजु भाई दिदि बहिनीहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै बार्षिक नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवालाको सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !!!**

**मनिषा धामी**
**बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक**
**केदारस्युँ गाउँपालिका**

केदारस्युँ गाउँपालिका